# २० औ नगर परिषद्का निर्णयहरु

निर्णय नं. २

पनौती नगरपालिकाले प्रदान गर्ने सेवालाई थप व्यवस्थित एवं प्रभावकारी बनाउन १८ औं नगरपरिषद्मा गरिएको फोहरमैला व्यवस्थापन, विपद् व्यवस्थापन, आकस्मिक सेवा, स्वास्थ्य सेवा, क्षमता विकास योजना, सुशासन, सूचना, सार्वजनिक संपत्तिको उपयोग/संरक्षण, वन तथा वातावरण, कृषि पशु विकास तथा पर्यटन, कर दस्तुर असुली, धर्म, कला र संस्कृति, जेष्ठ नागरिक, जातजाती, महिला र वालवालिका, युवा तथा खेलकुद, शिक्षा, सिफारिश सम्बन्धी लगायत रेकर्ड राख्ने सम्बन्धमा भएको नीतिगत व्यवस्थालाई कायमै राखि आगामी बर्ष तद्नुरूपनै कार्य गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

यस नगरपालिका क्षेत्रमा निम्न लिखित सार्वजनिक महत्वका संरचनाले नओगटेका स्थललाई खुल्ला क्षेत्र (Open Space) तोक्ने निर्णय गरियो ।

| **स्थानको नाम** | **कि.नं. क्षे.फ.** | **वडा नं.** |
|---|---|---|
| २ नं. वडा कार्यालय अगाडीको चौर, सुब्बागाउँ | कि.नं. २२४ सा. पर्ती ८-१२-०-० | २ |
| भिमसेन डाँडा, चौकोट | कि.नं. ३१६ देविस्थान २६-१०-२-२ | १ |
| शंखेल चौर | कि.नं. ५०३ पर्ती २२-१०-१-२ | ४ |
| कोतघर | अन्दाजी १-१२-०-० | ५ |
| काठंगणेश चौर | अन्दाजी ४-८-०-० | ६ |
| नागेचौर | कि.नं. ३२३, पर्ती १८-०-०-२ | १० |

निर्णय नं. ४

पनौती नगरपालिका कार्यालय भवन कम्पाउण्डवालको वरिपरि कम्तिमा १०० मी. भित्र प्रचलित कानून बमोजिम निर्माण गरिने कुनै पनि संरचनाको अधिकतम उचाई ३० फिट भन्दा बढि हुने गरी निर्माण गर्न नपाइने नीतिगत व्यवस्था गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको २०७२।०७।१२ को पत्र साथ प्राप्त बस्ती विकास शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधाभूत मापदण्ड २०७२ मा भएका अत्यावश्यक आधारभूत बाध्यकारी ब्यवस्थालाई कायम राखि परिमार्जन सहित बस्ती विकास शहरी योजना तथा भवन निर्माण मापदण्ड ०७२ लगायत सो संग सम्बन्धित निर्देशिका एवं कार्यविधि ०७२ पारित गरियो साथै पारित मापदण्ड चालू बर्ष देखिनै तत्काल कार्यान्वयनमा ल्याउने समेत निर्णय गरियो ।

<u>निर्णय नं. ६</u>

यस नगर क्षेत्रभित्र बढ्दो जनसंख्यासंगै थपिदो सुरक्षा चूनौतीको सामना गर्न अभाव महशुस भइरहेको इलाका प्रहरी चौकीका सम्बन्धमा पनौती प्रहरी चौकीमा इप्रकाका लागि पर्याप्त पूर्वाधार समेत निर्माण भइसकेको हुँदा स्तरबृद्धि गरिदिन नेपाल प्रहरीको मुख्यालय लगायत सम्बद्ध निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ७</u>

सडकबत्ती ब्यवस्थापन शिर्षकमा विनियोजित बजेटलाई विद्यमान ऊर्जा संकट समाधानका लागि उपयुक्त ठानिएको शौर्य ऊर्जा प्रविधिमा उपयोग गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ८</u>

जग्गाधनीमा स्पष्ट गुठी जनिएका र ब्यक्ति मोही कायम भएका जग्गाका हकमा सो जग्गासंग सम्बन्धित विविध प्रकारका सेवा प्राप्त गर्नुपर्दा मूल्याङ्कनका आधारमा तोकिएको प्रकृति अनुसारको ३ र ५ प्रतिशतको सिफारिश शुल्कलाई पूनरावलोकन गरि २ प्रतिशत कायम गर्ने र यो निर्णय तत्कालदेखिनै कार्यान्वयन गर्ने एवं यस पूर्वको यस सम्बन्धी ब्यबस्था अनुमोदन गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ९</u>

पुण्यमाता खोलाको मापदण्ड यस पूर्व दुई किसिमले तोकिएकोमा तत्कालैदेखि लागु हुने गरि उक्त खोलाको मापदण्ड सबै खण्डमा खोला छेउ (किनारा) बाट १५ मी. कायम गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. १०</u>

यस नगरपालिका क्षेत्रको त्रिवेणीघाट पवित्र तिर्थस्थलमा प्रत्येक बर्ष माघमा माधवनारायण स्नान, १२ बर्षमा ऐतिहासिक मकरमेला जस्ता पर्व जात्राले तिर्थयात्रीको आवागमन अत्याधिक हुने गर्दा बैकल्पिक रूपमा आवत जावत कठिनाईपुर्ण बन्दैछ, पछिल्लो समय बैकल्पिक सडक समेत घाट क्षेत्रसम्म पुगिसक्दा रोशीखोलामा

पुलको अभावले नमोबुद्ध सडकतर्फ जोडिन सकको छैन यसर्थ उक्त स्थानमा पक्की पुल निर्माणका लागि आवश्यक बजेट ब्यवस्था गरिदिन सङ्घीय मामिला तथा स्थानीय बिकास मन्त्रालय, भौतिक योजना मन्त्रालय, लगायत शहरी विकास मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ११

यस नगरपालिका क्षेत्रको वडा नं. १० संकटा स्थानदेखि भिमसेन स्थान आसपास, वडा नं. ४ को ज्यालाचिटि फाँट र वडा नं. ५ को न्यासिला फाँटमा जग्गा विकास कार्यक्रम संचालन गरिदिन शहरी विकास मन्त्रालयमा अनुरोध गर्ने साथै यसका लागि स्थानीय रूपमा पनौती नगर विकास समितिसंग समेत आवश्यक समन्वय गर्ने निर्णय गरियो ।

निर्णय नं. १२

यस नगरपालिकाका पदाधिकारी तथा कर्मचारीहरूको आचार संहिता २०७२ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. १३

यस नगरपालिकाको नगर प्रोफाईल २०७१ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. १४

यस नगरपालिकाको गत आ.व. ०७१/७२ को सामाजिक परीक्षण गर्न नियुक्त सामाजिक परिक्षक ग्रामीण विकास संस्था काभ्रेले सामाजिक परीक्षण कार्य सम्पन्न गरि पेश गरेको प्रतिवेदन उपर छलफल गरियो, प्रतिवेदनले औंल्याएका सुझावहरूलाई कार्यान्वयनका लागि आवश्यक ब्यवस्था मिलाउने निर्णय गरियो ।

निर्णय नं. १५

यस नगरपालिकाको अनुरोधमा तारागाउँ विकास बोर्डद्धारा सहभागीतात्मक तवरले तयार गरिएको पनौती नगरपालिका क्षेत्रको पनौती पर्यटन विकास गुरुयोजना सन् २००५ संस्कृति पर्यटन तथा नागरिक उड्यन मन्त्रालयमा पेश भइ सन २०१६ मा यस नगरपालिकामा प्राप्त हुन आएकोमा उक्त गुरू योजना स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. १६

पनौती नगरपालिकामा बालमैत्री स्थानीय शासन अवलम्बन गर्न निम्न कार्य गर्ने निर्णय गरियो ।

क. बालश्रमका सवालहरुलाई मुल प्रवाहिकरण गर्दै निकृष्ट प्रकारको वालश्रम निवारणका लागि TLO लगायतका संस्थाहरुसंग सहकार्य गरि कार्यक्रम कार्यान्वयमा थप प्रभावकारीता ल्याइनेछ ।

ख. वालवालिकाका सवालहरुलाई मुलप्रवाहिकरण गर्दै पनौती नगरपालिका क्षेत्रमा बालमैत्री स्थानीय शासन पद्धती लागु गरि आगामी १ बर्ष भित्र बालमैत्री नगर घोषणा गर्ने ब्यवस्था मिलाइनेछ ।

ग. बालमैत्री स्थानीय शासन लागु गर्न विभिन्न संघसंस्थासंग कार्यक्रमिक समन्वय गरिनेछ ।

घ. विपद् ब्यवस्थापन योजनामा बालबालिकाको अबस्था, स्थान, सुरक्षालाई प्रभावकारी वनाउन आवश्यक कार्य गरिनेछ ।

<u>निर्णय नं. १७</u>

यस नगरपालिकाको सडक मापदण्ड सम्बन्धी पुस्तिका २०७१ मा उल्लेख भएका फिल्डमा अद्यापी बाटोकै रूपमा रहेका सडकहरू मध्ये कम्तिमा २० फिट कायम रहेका बाटो नक्सा श्रेष्तामा नदेखिएता पनि त्यस्ता सडकलाई आधारमानि प्रचलित ब्यवस्था बमोजिम नक्सापास गर्न सकिनेछ ।

<u>निर्णय नं. १८</u>

यस नगरपालिकाको सडक मापदण्ड २०७१ मा उल्लेख भएका सडक मध्ये कुनैपनि सडक केन्द्रविन्दुबाट ३ मी. नभएकाको हकमा कम्तिमा ३ मी. कायम गर्ने तथा सो भन्दा बढी मापदण्ड भएकाको हकमा सोही मापदण्ड यथावत राख्ने निर्णय गरियो ।

<u>निर्णय नं. १९</u>

यस नगरपालिकाको जनशक्ति ब्यवस्थापन, विकास, क्षमता अभिवृद्धिर कार्य उत्प्रेरणा जगाउने जस्ता कार्य एवं प्रचलित कानून बमोजिम दरबन्दी कायम गर्ने, स्तरबृद्धि गर्ने कार्यलाई तोकिए अनुसार गर्ने निर्णय गरियो ।